जलवायु परिवर्तन नीति, २०७५

१. पृष्ठभूमि

जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखापरेको गम्भिर समस्या हो । नेपाल जलवायु परिवर्तनका प्रतिकुल असरवाट उच्च जोखिम राष्ट्रहरुमा पर्दछ । विश्वको कूल हरितगृह ग्याँसको उत्सर्जनमा नेपालको भूमिका नगन्य भए पनि वायुमण्डलीय तापक्रम बृद्धिको प्रतिकूलअसरहरु परिरहेको छ । जलवायु परिवर्तनका कारणले नेपाल लगायत विश्वका अन्य गरिब तथा विकासोन्मुख देशहरु विकसित देशहरुको तुलनामा बढी मात्रामा प्रभावित भएका छन् ।

कमजोर भौगोलिक वनावट,संवेदनशील पारिस्थितकीय प्रणालीहरु, धरातलीय विविधता, उचाइ र मोहडाहरू, विविध प्रकारको जलवायु तथा शुक्ष्म जलवायु क्षेत्रहरूका कारण नेपाल जलवायु परिवर्तनको असरप्रति अति संवेदनशील छ । हिन्दुकुश हिमालको काखमा अवस्थित रहेर विश्वको अग्लो शिखर सगरमाथा सहित पूर्वदेखि पश्चिमसम्म फैलेका हिमश्रृंखला र तिनै हिमश्रृंखलाबाट उत्पति भई उत्तरदेखि दक्षिण बग्ने हिमनदीहरूले नेपालको जैविक विविधता र पहाडी परिस्थितिकीय प्रणालीलाई मात्र होइन समग्र नेपालीको जीवनलाई नै जीवन्त राख्दै आएका छन् । यसका अलावा नेपालअनेक जाती, धर्म, संस्कृति र भेषभुषा भित्र सामाजिक सदभाव र स्वाभिमाननेपालको बिशिष्ठ परिचय हो।मौलिक विशेषताका बाबजुद नेपालका हिमशिखर, हिमनदी, जैविक विविधता र पहाडी पारिस्थितिकीय प्रणाली जलवायु परिवर्तनको चपेटमा परेको छ ।

यसका अलावा, विद्धमान सामाजिक असमानता एवं अन्तरनिहित गरीवी जस्ता कारणहरुले संकटासन्नता थप जटील वनेको छ । राज्यको अर्थतन्त्र तथा समुदायको जिविकोपार्जन प्राकृतिक श्रोतमा वढी निर्भर रहेको र यी श्रोतहरु जलवायु परिवर्तनप्रति अति संवेदनशील रहेका कारण जलवायु परिवर्तनका प्रतिकुल प्रभावलाई स्थानीय तथा राष्ट्रिय तहमा प्रत्यक्ष रुपमा महसुस गरिएको छ । जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, जल, सिंचाई, बसोवास तथा पूर्वाधार विकासका क्षेत्रहरूमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो तथा डढेलो जस्ता मौसमतथा जलवायुजन्य प्रकोपहरूमा तीव्रता आएको कारणबाट नेपालमा अत्यधिक मात्रामा धनजनको क्षति हुनुको साथै जिविकोपार्जनमा प्रतिकूल असर परेको देखिन्छ ।

जलवायु परिवर्तनका सवालहरुलाइ राज्यका निति तथा कार्यकममा समावेश गर्नुपर्ने आजको आवश्यकता हो ।
नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई प्रत्याभूति गरेको, वातावरण र विकास बिच समुचित सन्तुलन, जलवायु परिवर्तन व्यवस्थापनको सवाल तथा दीगो विकासलाई लाई समेत आत्मसात गरेको छ । हाल मुलुक संघीय संरचना अन्तर्गत तीन तहका सरकार संचालनको प्रक्रियामा रहेको हुँदा नेपाल सरकारका जलवायु परिवर्तन व्यवस्थापनका प्राथमिकता तथा प्रतिबद्धताहरुलाई तिनै तहका सरकारका नीति तथा कार्यक्रममा मूलप्रबाहिकरण गर्नु पर्ने देखिन्छ ।

२. विगतमा भएका प्रयास र उपलब्धिहरु

नेपालले जलवायु परिवर्तनसम्बन्धी महासन्धि (United Nations Framework Convention on Climate Change-UNFCCC), क्योटो अभिसन्धि (Kyoto Protocol), पेरिस र दिगो विकास लक्ष्य एजेन्डा २०३० सम्झौताको पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त अवसरहरुलाई राष्ट्रिय आवश्यकता अनुरुप सदुपयोग गर्नुको साथै सो अनुरुपका दायित्वहरु निर्वाह गर्दै आएको छ । नेपाल सरकारले जलवायु परिवर्तनका समस्या तथा सवालहरूलाई सम्वोधन गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०६७ लागू गरेको हो । राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action-NAPA) २०६६ अनुसार स्थानीय अनुकूल कार्य योजना (Local Adaptation Plans of Action-LAPA) को कार्यान्वयन र राष्ट्रिय अनुकूल योजनाको तर्जुमा प्रकृयामा रहेको छ । राष्ट्रिय योजना आयोगबाट विकासका कार्यक्रमहरु मध्ये जलवायुसंग सम्बन्धित कार्यक्रमहरुकों बजेटलाई कार्यक्रम तहमा जलवायु बजेट संकेत (बजेट कोड) प्रयोग हुँदै आएको छ । अर्थ मन्त्रालयबाट जलवायु परिवर्तन वित्तिय खाका अनुरुप जलवायु वित्तलाई अझ बढी परिस्कृत र

चुस्त बनाउने सन्दर्भमा सार्वजनिक लेखा प्रणालीमा सुधार संघिय, प्रादेशिक, र स्थानीय सरकारको तहमा हुँदै छ ।

नीतिगत समन्वय र प्रभावकारिताको लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विज्ञहरुसमेत संलग्न जलवायु परिवर्तन परिषदको गठन भएको र जलवायु परिवर्तन सम्बन्धी कार्यहरुलाई कार्यान्वयन एंव संयोजन गर्न बहुपक्षीय सरोकारवालाहरुको सहभागिता रहेको जलवायु परिवर्तन सम्बन्धी समन्वय समितिको गठन भई कार्य अगाडि बढेको छ । नेपालको जलवायु परिवर्तनको बिषयलाई सम्बोधन गर्नका लागि नेपाल सरकारले वन तथा वातावरण मन्त्रालय अन्तर्गत छुट्टै जलवायु परिवर्तन महाशाखा स्थापना गरी राष्ट्रिय नीति, प्रचलित ऐन नियम, तथा आवश्यकता अनुरुपको कार्यसम्पादन भईरहेको छ ।

जलवायु परिवर्तन न्युनिकरण र अनुकूलन सम्बन्धी कार्यहरुका लागि लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रबाट आर्थिक श्रोतहरु जुटाई कार्यक्रमहरु सञ्चालन भै रहेकोछ । जलवायु परिवर्तन बारे जनचेतना अभिवृद्धि गर्ने, अनुकूलनका कार्यक्रमहरु एंव असल अभ्यासहरुको प्रवर्धन एंव कार्यान्वयन भइरहेको छ । संकटासन्न र जोखिममा रहेका समुदायको अनुकूलन क्षमतामा अभिवुद्धि गर्न समन्वयात्मक रुपमा प्राथमिकताका आधारमा अनुकूलन तथा न्यूनीकरणका कृयाकलापहरू सञ्चालन भइरहेका छन ।

३. चुनौति र अवसरहरु

नेपालमा वार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समयसम्म खडेरी पर्ने तथा तीव्र वर्षा हुने गरेको छ । तीब्र गतिमा हिमगलन हुँदै जानाले हिमनदीहरू पातलिंदै र छोट्टिंदै गएको एवं हिमतालको आकार बढ्दै गएको छ भने नयाँ हिमतालहरू बन्दै फुट्ने खतरामा छन् । सन् १९७४-२०१४ मा नेपालको तापक्रम औसत ०.५६ डिग्री सेल्सियसले बढेको देखिन्छ । प्रक्षेपणहरूले देखाए अनुसार भविष्यमा औसत तापक्रम पनि सन् २०१६-२०४५ मा ०.९२-१.०७ र सन् २०३६-२०६५ मा १.३-१.८२ डिग्री सेल्सियसले बढ्ने अनुमान छ । अध्ययन अनुसार, शताब्दीको अन्त्य सम्ममा, बर्षा औसत ११-२३ प्रतिशत र औसत तापक्रम १.७२-३.५८ डिग्री सेल्सियसले बृद्धि हुने अनुमान गरिएको छ ।

नेपाल आर्थिक रुपमा अतिकम विकसित राष्ट्रको सुचिमा पर्दछ भने भौगोलिक रुपमा भू-परिवेष्ठित र पहाडी मुलुकको रुपमा संसार भरी परिचित छ। उत्तरी सिमाना हुँदै पूर्वदेखि पश्चिमसम्म फैलिएका उच्च हिमश्रृंखलाहरु र तिनै हिमश्रृंखलामा उत्पति भई उत्तरदेखि दक्षिणसम्म बग्ने नदीनालाहरु नेपाल र नेपालीका आर्थिक, सामाजिक र पारिस्थितिकीय प्रणालीका आधारशिला हुन । जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, जल, सिंचाई, बसोवास तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । जलवायु परिवर्तनका कारणले कृषि तथा जलस्रोत व्यवस्थापनका क्षेत्रमा देशले कूल ग्राहस्थ उत्पादनको २ देखि ३ प्रतिशत सम्म नोक्सान व्यहोर्नु परेको छ । अर्कोतर्फ नेपालले कूल ग्राहस्थ उत्पादनको १.५ देखि २.० प्रतिशतसम्म थप खर्च व्यहोर्नुपर्ने अवस्था रहेको छ ।

राज्यका सबै तह, निकाय तथा क्षेत्रका विकास योजना, कार्यक्रमहरू, नीति तथा रणनीतिहरूमा जलवायु परिवर्तनका समस्या तथा सवालहरूलाई मूलप्रवाहिकरण गर्ने कार्यलाई नेपालले प्राथमिकता दिनु पर्ने अवस्था रहेको छ । जलवायुजन्य प्रकोपहरूबाट भएका र हुन सक्ने क्षतिको अध्ययन, लेखाजोखा र तथ्याङ्क अभावका कारण जलवायु परिवर्तनले आर्थिक, सामाजिक र जिविकोपार्जनमा कसरी र कस्तो असर पारेको छ भन्ने आधार कमजोर रहेको छ । यसले गर्दा राष्ट्रिय प्राथमिकतामा जलवायु परिवर्तनलाई समावेश गर्न र नेपालको दिर्घकालीन सोच अनुरुप सफलता हासिल गर्न कठिनाईभएको छ ।

जलवायु परिवर्तनका असर र प्रभाव विषेशगरी गरिब, महिला,विपन्न र जोखिम रहेका घरधुरी र समुदाय र भौगोलिक विकटता क्षेत्रमा लक्षीत कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्रविधी, वित्त, क्षमता नहुनाले जोखिम न्यूनिकरण र उत्थानशील समाज निमार्ण गर्ने कार्यमा सन्तोषजनक प्रगती हुन सकेको छैन् । जलवायु परिवर्तनको असरले नेपालको आर्थिक र सामाजिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । यसले समग्र अर्थतन्त्रमा असर पु-

याएको परिपक्ष्यमा यसको निराकरण गर्न आवश्यक नीति संरचना र कार्यक्रमहरु प्रभावकारी बनाउने टढकाडो आवश्यकता रहेको छ ।

चुनौतिका वावजुद, बदलिदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमाजलवायु परिवर्तनलाई प्रभाबकारी रुपमा संवोधन गर्नअवसरहरु सृजनाभएकाछन।नेपालले भविष्यमा आर्थिक समृद्धितर्फ उन्मुख भएको अवस्थामा तीव्र विकासका कार्यलाई जलवायु उत्थानशील बनाउन सकेको खण्डमा दिगो विकासको लक्ष्य सजिलै प्राप्त हुने र सन् २०३० सम्ममा कम विकसित देशबाट मध्यम स्तरको आम्दानी भएको देशमा परिणत गर्ने लक्ष्य साकार हुने देखिन्छ । नेपालले आगामी दश वर्षभित्र पन्ध्र हजार मेगावाट जलविद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ । कृषि, वन, जलस्रोत तथा अन्य आर्थिक क्षेत्रलाई उत्पादनशील, समावेशी, रोजगारमूलक बनाउनेनीतिगत र संस्थागत सुधार एवं वित्त परिचालन गर्ने लक्ष्य लिएको छ ।

संघीय, प्रदेशिक र स्थानिय स्तरमा हुने विकास निर्माणका कार्य र संरचना निर्माण र लगानीलाई जलवायु मैत्री बनाउन सकेको खण्डमा र नेपालको जल सम्पदाको दिगो व्यवस्थापन मार्फत स्वच्छ उर्जा प्रर्वद्यन र विकासलाई प्रोत्साहन एवं समग्र उर्जा उत्पादन र उपयोगलाई शुन्य कार्वन बनाउन सकेमा नेपालले दिर्पक्षिय र वहुर्पक्षिय सरकार र संस्थाहरुबाट र जलवायु परिवर्तन संवन्धी मंहासन्धिका संरचनाहरुबाट वित्तीय प्रावीधिक एवं अन्य सहयोग र सहकार्य गर्न सक्ने देखिन्छ ।

विश्व पेरीस सम्झौता कार्यान्वयनको दिशातर्फ उन्मुख रहेकोर नेपालले अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुबाट सिर्जित दायित्व पुरा गर्नुपर्ने सन्दर्भमा,नेपालले जलवायु परिवर्तन नीति २०६७, राष्ट्रिय प्रतिवद्धता योगदान (Nationally Determined Contributions- NDCs) र राष्ट्रिय जलवायु परिवर्तन अनुकूलन योजनालाई (National Adaptation Plan- NAP) अझ परिस्कृत र समयसापेक्ष बनाउँदै देशको आवश्यकता अनुकूल राष्ट्रिय प्राथमिकताका आधारमा अगाडि बढ्न अवसरहरु सृजना गरेको छ ।

४. नीतिको आवश्यकता

नेपालको संविधानमा जलवायु परिवर्तनको क्षेत्रसँग सम्बन्धित बिषयहरूलाई संघीय अधिकार सूचिमा रहेको छ । नेपालको दीर्घकालिन सोच २१०० ले समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना गरेको छ । साथै पन्ध्रौ आवधिक योजनाले उत्थानशील समाजको निर्माण गरी राष्ट्रिय समृद्धिमा योगदान गर्ने सोच एवं हरित विकासको मार्ग अवलम्वन गर्दै जलवायु परिवर्तन अनुकूलन क्षमता वृद्धिबाट दिगो विकासमा योगदान गर्ने लक्ष्य लिएको छ । ।

नेपालले जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौतालाई अनुमोदन गरेको, पेरिस सम्झौता कार्यान्वयनका लागि राष्ट्रिय रुपमा निर्धारित योगदान मार्ग चित्र समेत तयार गरी पेश गरेको, दिगो विकासका लक्ष्य (२०१५-२०३०) र विपद व्यवस्थापनका लागि सेन्डाई फ्रेमवर्क (२०१५-२०३०) लाई समेत अनुमोदन गरेको परिप्रेक्षमा नेपालले जलवायु परिवर्तनको क्षेत्रलाई विकास तथा वातावरणीय सुरक्षाका अन्तरसम्बन्धित तह, क्षेत्र तथा सरोकारवालाहरु बिच प्रभावकारी रुपमा समन्वय गरी दीगो विकास, गरिबी न्यूनिकरण तथा सम्बृद्धिका उद्धेश्य हासिल गर्न लागि विशेष पहलकदमीका साथ तिब्रतापूर्ण काम गर्नु पर्ने देखिन्छ ।

नेपाल संघीय संरचना सहित आर्थिक र सामाजिक विकासको चरणमा प्रवेश गरी सकेको सन्दर्भमा विशेषत संघीय, प्रदेश र स्थानीय तहमा हुने विकास निर्माणका कार्य र भौतिक संरचना निर्माणलाई जलवायु मैत्री बनाउन र नेपालको जल सम्पदाको दिगो व्यवस्थापन मार्फत स्वच्छ उर्जा प्रर्वधन एवं समग्र उर्जा र औधोगीक उत्पादन तथा उपयोगलाई न्यून कार्वन बनाउन आवश्यक छ । यसका लागि नेपालले विकासका साझेदारहरू, महासन्धिका संरचनाहरू तथा सम्बन्धित वित्तीय व्यवस्थाहरू (जलवायु परिवर्तन सम्बन्धि कोषहरू) र सस्थाहरुबाट द्विपक्षिय, वहुपक्षिय वित्तीय, प्राविधिक एवं अन्य सहयोग नेपालले पहिचान गरेका प्राथमिकताका प्रस्ताव अनुरुप प्राप्त गर्न सकिने र सहकार्य गर्न सक्ने देखिन्छ ।

जलवायु परिवर्तनले समग्र अर्थतन्त्रमा नकारात्मक असर पु-याएको परिप्रेक्षमा यसको निराकरण गर्न आवश्यक नीति, संरचना र कार्यक्रमहरु प्रभावकारी बनाउनु टड्कारो आवश्यकता रहेको छ । जलवायु परिवर्तनलाई प्रभाबकारी रुपमा संवोधन गर्न र बिभिन्न बिषयगत क्षेत्रहरूका विद्यमान नीति एवं कार्यक्रमहरूमा यसलाई एकिकृत गर्न नीतिगत मार्गदर्शन गर्न यो नीति आवश्यक छ । जलवायु परिवर्तन विश्वको साझा समस्या भएको र यसलाई उचित सम्बोधन गर्न विकसित राष्ट्रको दायित्व र जिम्मेवारी बढी हुन्छ तापनि नेपाल जस्तो मुलुकको सहभागिता पनि प्रभाबकारी हुनुपर्ने आवश्यकता छ । यस सन्दर्भमा यसलाई बद्लिदो विश्व परिवेश, राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकता अनुरुप सम्वोधन गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भभा नयाँ जलवायु परिवर्तन नीतिको आवश्यकता रहेको छ ।

५. मार्गदर्शक सिद्धान्तहरु

यो नीतिका मुख्य मार्गनिर्देशक सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् ।

(क) साझा तर भिन्न दायित्व र क्षमता (common but differentiated responsiblities and capabilities):
जलवायु परिवर्तन वहुविषयगत क्षेत्रहरुको साझा र अन्तरसम्बन्धित सवाल हो, र यसलाई सम्वोधन गर्न विभिन्न तह र क्षेत्रहरुको भिन्न भिन्न दायित्व र क्षमता हुन्छ । निर्वाह गर्नुपर्दछ ।

(ख) आन्तरिकिकरण (internalization):
जलवायु परिवर्तन एक छुट्टै सवाल नभई विभिन्न क्षेत्रहरुमा अन्तरनिहित सवाल हो तसर्थ यसलाई सम्बोधन गर्न सबै तहका सम्बन्धित विषयगत नीति, योजना र कार्यक्रमहरुमा आन्तरिकिकरण गरिनुपर्दछ ।

(ग) दिगो विकास (sustainable developement):
विकासका कियाकलापहरु संचालन गर्दा वर्तमान आवश्यकता पुरा गर्न भविष्यसँग सम्झौता नगर्ने गरी आर्थिक, सामाजिक र वातावरणीय पक्षहरुमा यथेष्ट ध्यान पुर्याउनुपर्दछ ।

(घ) न्यायोचितता (equity):
सबै वर्ग, क्षेत्र, लिंग र समुदायको स्वच्छ वातावरण र जोखिममुक्त अवस्थामा बाँच्न पाउने अधिकार रहन्छ र सम्बद्ध निर्णय प्रकियामा सबैको समान सहभागिता आवश्यक हुन्छ ।

(ङ.) जनसहभागिता (public particiaption): जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरण कार्यक्रमहरुलाई प्रभावकारी बनाउन सबै निर्णय प्रकियाहरुमा व्यापक जनसहभागिता आवश्यक हुन्छ ।

(च) समन्वय र सहकार्य (coordination and coooperation):
जलवायु परिवर्तनको समस्यालाई सम्वोधन गर्न राष्टिय तथा अन्तराष्टिय एवं सार्वजनीक तथा निजी क्षेत्रका सबै सरोकारवालाहरुबीचको समन्वय र सहकार्य अपरिहार्य हुन्छ ।

(छ) विज्ञानमा आधारित निर्णय प्रकृया (science-based decision making):
जलवायु परिवर्तन व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्बद्ध नीति, योजना र कार्यक्रमहरु तर्जुमा गर्दा वैज्ञानिक एवं प्राविधिक तथ्य र तथ्यांकहरु तथा परम्परागत ज्ञान र सिपको भूमिका महत्वपूर्ण हुन्छ ।

(ज) राष्टिय प्राथमिकता र अन्तराष्टिय सम्बन्धबीच सन्तुलन (balance between national priorities and international relations):
हरितगृह ग्यास उत्सर्जन न्यूनिकरणको अन्तराष्टिय प्रयासलाई ध्यान दिंदै राष्टिय प्राथमिकता अनुरुप अनुकुलनमा जोड दिइएको छ ।

६. नीतिको नाम र प्रारम्भ

६.१ यो नीतिको नाम राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७५ रहेको छ ।

६.२ यो नीति नेपाल सरकारद्वारा स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

७. दूरदृष्टि

जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक संवृद्धिमा योगदान गर्ने ।

८. लक्ष्य र उद्देश्यहरु

८.१ लक्ष्य

जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको योजनावद्ध एवं एकीकृत प्रयासद्वारा राष्ट्रका सामाजिक, आर्थिक तथा पारिस्थकीय प्रणालीहरुलाई जलवायु उत्थानशील बनाउने ।

८.२ उदेश्यहरु

(क) संकटासन्न र जोखिमपूर्ण व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकुलन क्षमता अभिवृद्धि गर्ने ।

(ख) जलवायु परिवर्तनका प्रतिकुल प्रभावको जोखिममा रहेका पारिस्थकीय प्रणालीहरुको उत्थानशिलतामा सुधार गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।

(ग) जलवायु परिवर्तन न्यूनिकरण र अनुकुलनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय स्रोतहरुको न्यायोचित परिचालन गर्ने ।

(घ) जलवायु परिवर्तन सम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

(ङ.) राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका मुद्दाहरुलाई आन्तरिकिकरण गर्ने ।

(च) जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरण कार्यक्रमहरुमा लैंगिक तथा सामाजिक समावेशिकरणलाई मूलप्रवाहिकरण गर्ने ।

९. नीतिहरु

माथि उल्लिखित दूरदृष्टि, लक्ष्य तथा उदेश्यहरु पुरा गर्न देहाय बमोजिमका क्षेत्रगत तथा अन्तरविषयगत नीति एवं रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

क्षेत्रगत नीति एवं रणनीति तथा कार्यनीतिहरु

९.१ कृषि तथा खाद्य सुरक्षा

नीति

जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन गरी खाद्य सुरक्षा, पोषण तथा जिविकोपार्जनमा सुधार गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) गरीब, सिमान्तकृत, भूमिहीन, आदिवासी तथा संकटासन्न घरधुरी, महिला तथा भिन्न क्षमता भएकाहरुलाई लक्षित गरी कृषिमा आधारित अनुकूलन कार्यक्रमहरु संचालन गर्ने ।

(ख) सुख्खा तथा बढि पानी जम्ने क्षेत्रहरुको निम्ति उपयुक्त हुने कृषिवालीहरुको पहिचान गरी प्रवर्द्धन गर्ने ।

(ग) खडेरी तथा शितलहर जस्ता जलवायुजन्य प्रकोपहरूबाट वालीनालीको सुरक्षा गर्ने प्रविधिहरुको विकास र विस्तार गर्ने ।

(घ) पानी किफायती सिंचाइ प्रविधिको प्रवर्द्धन गर्ने ।

(ङ.) वाली विविधिकरण, कृषि जैविक विविधताको संरक्षण र प्रांगरिक खेती प्रणालीलाई प्रवर्द्धन गर्ने ।

(च) पोषण सुरक्षालाई दृष्टिगत गरी ग्रामिण भेगका हरेक घरधुरीमा वाली विविधिकृत करेसावारी एवं घरबगैंचाको विकास गर्ने ।

(छ) बाँझो कृषियोग्य जमीनमा वहुउपयोगी रुख प्रजातिहरु सहितको कृषिवन प्रणालीको विकास र प्रवर्द्धन गर्ने ।
(ज) कृषिक्षेत्रको भूउपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट पर्न सक्ने प्रतिकुल प्रभावहरुको जोखिम विष्लेषण गर्ने ।
(झ) जलवायुमैत्री खेती प्रणालीसंग सम्बन्धित परम्परागत ज्ञान, सिप र नविनतम प्रविधि एवं असल अभ्यासहरुको अभिलेखन, प्रवर्द्धन र विस्तार गर्ने ।
(ञ) कृषि प्रसार सेवा र कार्यक्रमहरु मार्फत कृषकहरुलाई मौसम सम्बन्धि पूर्वसूचना प्रवाह गर्ने ।
(ट) कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन, संकलन, प्रशोधन र भन्डारणको लागि न्यून कार्वन उर्त्सजन तथा ऊर्जा किफायती प्रविधिहरुलाई प्रवर्द्धन गर्ने ।
(ठ) कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरुबाट हुने विपद् (जोखिम) को विमा गर्ने व्यवस्थाको लागि पहल गर्ने ।

९.२ वन, जैविक विविधता तथा जलाधार

नीति

जलवायु उत्थानशील पारिस्थिकीय प्रणालीको विकास गरीदिगो वातावरणीय सेवाहरुको सुनिश्चितता गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) दिगो वन व्यवस्थापन अवलम्वन गर्दै वनको कार्वन संचिती वृद्धि गर्ने ।
(ख) जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमीनमा कृषिवन विकास गर्ने ।
(ग) जलवायु परिवर्तनको जोखिममा रहेका सिमसार क्षेत्रहरुको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
(घ) जलवायु परिवर्तनको जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं संवेदनशील पारिस्थिकीय प्रणालीहरुको संरक्षण गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
(ड.) एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरुलाई मूलप्रवाहिकरण गर्ने ।
(च) जलाधार तथा भुपरिधि व्यवस्थापनका असल अभ्यासहरुलाई अनुकूलन कार्यक्रममा समावेश गरी स्थानीय समुदायको अनुकूलन क्षमता बृद्धि गर्ने ।
(छ) चुरे क्षेत्रको जलवायु परिवर्तनका असरहरुप्रतिको संवेदनशीलतालाई मध्यनजर गर्दै चुरे व्यवस्थापन कार्यक्रम संचालन गर्ने ।
(ज) वनमा लाग्ने रोग तथा किरा, खडेरी तथा मिचाहा प्रजातिको प्रकोप र डढेलोको न्यूनिकरण र व्यवस्थापन गर्ने ।
(झ) REDD+ तथा स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) मार्फत कार्वन सञ्चितिबाट प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गर्ने ।
(ञ) पारिस्थिकीय प्रणालीमा आधारित अनुकुलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणाली (Payment for Ecosystem Services) को विकास गर्ने ।

९.३ जलस्रोत तथा ऊर्जा

नीति

जलस्रोतको वहुउपयोग र न्यून कार्वन ऊर्जाको उत्पादनलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै जोखिमयुक्त क्षेत्र र वस्तीहरुमा पानीको सञ्चिती, वहुउपयोग र किफायती प्रयोग गर्ने विधिहरुको विकास र प्रवर्द्धन गर्ने ।
(ख) भूमिगत जलस्रोतको पूनर्भरण र दिगो उपयोगको निम्ति मापदण्ड तयार गरी लागु गर्ने ।

(ग) भूमिगत जलस्रोतको पूनर्भरण एवं वहुउपयोगको निम्ति बर्षातको पानी संकलन गर्ने पोखरीहरुको निर्माण गर्ने ।
(घ) नविकरणीय उर्जाको उत्पादन तथा उपयोग एवं ऊर्जा किफायती प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।
(ङ.) जलविद्युत, खानेपानी तथा सिंचाईका पूर्वाधारहरु निर्माण गर्दा वातावरणमैत्री स्थानहरुको छनौट र जलवायुमैत्री प्रविधिहरुको प्रयोग गर्ने ।
(च) जलविद्युत उत्पादन गर्दा नदीको पारिस्थिकीय प्रणालीमा पर्ने प्रतिकुल प्रभाव न्यूनिकरणका उपयाहरु अवलम्वन गर्ने ।

९.४ ग्रामिण र शहरी बसोबासहरु

नीति

सुरक्षित, दिगो र उत्थानशील बसोबासहरु र पूर्वाधार विकास गरी जलवायुमैत्री गाउँ र शहर निर्माण गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) स्थानीय तहस्तरीय भूउपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरुको आधारमा वन, कृषि, वस्ती तथा औद्योगिक क्षेत्रहरुको निर्धारण गर्ने ।
(ख) अव्यवस्थित शहरी तथा ग्रामिण वस्तीहरु एवं जलवायुजन्य जोखिम क्षेत्रमा बसोवास गरेका घरपरिवार र समुदायमा पर्ने जलवायु परिवर्तनका प्रतिकुल असरहरु न्यूनिकरण गर्न अनुकुलन कार्यक्रमहरु संचालन गर्ने ।
(ग) वस्ती विकास योजनाहरुमा न्यून उत्सर्जन प्रविधि एवं अनुकूलन कार्यक्रमहरु समावेश गर्ने ।
(घ) ग्रामिण र शहरी वस्ती पूर्वाधार एवं घरका संरचनाहरुको डिजाइन र निर्माण गर्दा जलवायु परिवर्तनका जोखिमहरुलाई दृष्टिगत गरी अनुकूलनका प्रविधिहरु अनुसरण गर्ने ।
(ङ.) हरित शहरको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमीनमा वृक्षारोपणका साथै उद्यानहरु निर्माण गर्ने ।
(च) शहरी क्षेत्रका सडकहरु निर्माण गर्दा साइकल लेनको व्यवस्था गर्ने ।

९.५ उद्योग, यातायात तथा भौतिक पूर्वाधार

नीति

भरपर्दो, दिगो र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकासद्वारा जलवायु उत्थानशील आर्थिक विकासतर्फ अग्रसर हुने ।

रणनीति र कार्यनीतिहरु

(क) उद्योग तथा यातायात क्षेत्रका हरितगृह ग्यास उत्सर्जन हुने मुख्य विन्दु र कारकहरू पहिचान गरी न्यूनीकरणका लागि मापदण्डहरु बनाई लागु गर्ने ।
(ख) उद्योग, यातायात र भौतिक पूर्वाधारको क्षेत्रमा ऊर्जा किफायती प्रविधि र विद्युतीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गर्ने ।
(ग) उद्योग, यातायात तथा भौतिक पूर्वाधारहरु विकास गर्दा वातावरणमैत्री स्थानहरुको छनौट र जलवायुमैत्री प्रविधिहरुको प्रयोग गर्ने ।
(घ) भौतिक पूर्वाधारहरुको डिजाइन र निर्माण गर्दा जलवायु परिवर्तन अनुकूलनका उपायहरू अनुसरण गर्ने ।
(ङ.) नविकरणीय उर्जामा आधारित बिद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने ।
(च) संस्थागत सामाजिक उत्तरदायित्व मार्फत उद्योग र यातायात, विशेष गरी हवाई यातायात, क्षेत्रमा हुने उत्सर्जन न्यूनीकरणमा निजी क्षेत्रलाई प्रोत्साहन र परिचालन गर्ने ।

९.६ पर्यटन एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा

नीति

NATURE KHABAR
www.naturekhabar.com

पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउँदै हरित आर्थिक विकासका अवसरहरु अभिवृद्धि गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) पर्यापर्यटन, हरित पैदल मार्ग र पर्यटन गन्तव्यहरुको विविधिकरण जस्ता जलवायुमैत्री पर्यटनका अवधारणाहरुलाई पर्यटन क्षेत्रको विकासमा मूलप्रवाहिकरण गर्ने ।

(ख) पर्यटकीय क्षेत्रहरुमा नविकरणीय ऊर्जा र ऊर्जा किफायती प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने ।

(ग) पर्यटन व्यवसायलाई भरपर्दो र सुरक्षित बनाउन मौसम मापन केन्द्रहरुको विस्तार गर्दै मौसम सम्बन्धि सूचना प्रवाहलाई व्यवस्थित गर्ने ।

(घ) जलवायु परिवर्तनको प्रतिकुल प्रभावको जोखिममा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुको संरक्षण र व्यवस्थापन गर्ने ।

(ङ.) उत्थानशील समाजको निर्माणका लागि विपद् सुरक्षित संस्कृति (Culture of Safety) को विकास गर्न मापदण्डहरु निर्माण गर्ने ।

(च) निजी क्षेत्र र समुदायलाई जलवायु मैत्री पर्यटनमा प्रोत्साहन गर्ने ।

९.७ स्वास्थ्य, खानेपानी तथा सरसफाई

नीति

जलवायुजन्य प्रकोपबाट मानव स्वास्थ्यमा पर्न जाने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै स्वस्थ जीवनयापनको वातावरण तयार गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) जलवायु परिवर्तनबाट सिर्जित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन पूर्वतयारी, पूर्वानुमान तथा रोकथामको आवश्यक संयन्त्रको विकास गर्ने ।

(ख) स्वच्छ खानेपानीमा पहुँच र सर्वसुलभ उपलब्धता वृद्धि गर्न पानीका स्रोतहरुको संरक्षण, वर्षातको पानीको संकलन र भण्डारण तथा पानी किफायती प्रविधिहरुको विकास र विस्तार गर्ने ।

(ग) घरेलु तथा होटल व्यवसाय र अस्पतालहरुबाट निस्कने फोहरमैलाको स्रोतमा वर्गिकरण गरी सफा ऊर्जा उत्पादन गर्न प्रोत्साहन गर्ने ।

९.८ विपद्जोखिम न्यूनीकरण र ब्यवस्थापन

नीति

जलवायुजन्य प्रकोपहरूबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको न्यूनीकरण गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) जलवायुजन्य प्रकोपको रोकथाम, न्यूनिकरण र पूर्वतयारी गर्न राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन प्रणालीको विकास गर्ने ।

(ख) बाढी, पहिरो, खडेरी, चट्याङ्ग, हावाहुरी, तातो हावाको लहर, शीतलहर, वन डढेलो, आगलागी, महामारी लगायतका प्रकोपहरुको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

(ग) जल तथा मौसम सम्बन्धी सूचना संकलन गर्ने प्रणालीलाई थप व्यवस्थित र विस्तार गर्ने ।

(घ) जलवायुजन्य विपद् जोखिम सम्बन्धी पूर्वसूचनामा सबै वर्ग, तह र क्षेत्रको पहुँच पुग्ने व्यवस्था मिलाउने ।

(ङ.) हिमताल बिस्फोटबाट पर्न सक्ने जोखिम न्यूनिकरणका लागि पानीको सतह कम गर्दै सुरक्षित निकासको व्यवस्था गर्ने ।

(च) विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकूलन योजना तथा कार्यक्रमहरुसंग एकीकृत गर्ने ।

NATURE KHABAR
www.naturekhabar.com

(छ) जलवायुजन्य प्रकोपहरुबाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति संकटासन्न र जोखिममा रहेका व्यक्ति र परिवारहरुको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
(ज) जलवायुजन्य विपद् पश्चातको उद्धार, पुनःस्थापना र पुननिर्माणको लागि योजनाबद्ध कार्यक्रम संचालन गर्ने ।
(झ) जलवायुजन्य विपद् व्यवस्थापनमा सामुदायिक संघसंस्था तथा निजी क्षेत्रलाई परिचालन गर्ने ।
(ञ) जलवायु परिवर्तनको कारण अन्तर्राष्ट्रिय सीमा वारपारमा हुने जोखिम न्यूनीकरण गर्न तथा असरसंग अनुकुलित हुन द्विपक्षीय तथा बहुपक्षीय सहयोगको विकास तथा विस्तार गर्ने ।

अन्तरविषयगत क्षेत्रहरु

९.९ लैङ्गिक तथा सामाजीक समावेशिता, जीविकोपार्जन र सुशासन

नीति

जलवायु सम्वद्ध नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा लैङ्गिक तथा सामाजीक समावेशिकरणलाई मूलप्रवाहिकरण गर्दै र सुशासन कायम गर्दै जिविकोपार्जनमा सहजिकरण गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) जलवायु परिवर्तनसंग सम्बन्धित निर्णय प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तीकृत, किसान, श्रमिक, युवा, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका, गर्भावस्थाका, अशक्त, पिछडिएको क्षेत्र र विपन्न व्यक्ति वा समूहहरुको अधिकतम सहभागिताको पहल गर्ने ।
(ख) जलवायु परिवर्तनको प्रतिकुल प्रभावहरुको जोखिममा रहेका घरधुरी र समुदायलाई लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जनका कार्यक्रमहरू संचालन गर्ने ।
(ग) जलवायु परिवर्तनबाट प्रभावित घरधुरी, समुदाय एवं जोखिम क्षेत्रहरूको पहिचान गरी स्थानीय ज्ञान, सिप तथा प्रविधि अनुरूप अनुकूलनका उपायहरूको अवलम्बन गर्ने ।
(घ) बिभिन्न भाषा, वर्ग, सँस्कृति, उमेर, लिङ्ग र शारीरिक अवस्थाका व्यक्ति र समूहहरूको जलवायु परिवर्तनसंग सम्बन्धित सूचना र प्रविधिमा पहुँच अभिबृद्धि गर्ने ।
(ङ.) जलवायु अनुकूलनका कार्यक्रमलाई सामाजिक तथा आर्थिक विकास एवं वैकल्पिक आय आर्जन र गरिबी निवारणका कार्यक्रमहरूसँग आबद्ध गरी कार्यान्वयन गर्ने ।
(च) जलवायु अनुकुलन तथा विपद् जोखिम न्युनिकरण र व्यवस्थापन कार्यक्रमहरु संचालन गर्दा पारदर्शिता, जवाफदेहिता र सक्रिय जनसहभागिता सुनिश्चित गर्ने ।

९.१० जनचेतना अभिवृद्धि तथा क्षमता विकास

नीति

जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै अनुकूलन र न्यूनीकरणका उपायहरु अवलम्वन गर्न स्थानीय समूदाय लगायत सबै सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) विभिन्न विषयगत क्षेत्रहरुमा जलवायु परिवर्तनको असर र जोखिम एवं अनुकुलन र न्यूनिकरणका उपायहरु सम्बन्धमा संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने ।
(ख) जलवायु परिवर्तनलाई औपचारिक तथा अनौपचारिक शैक्षिक पाठ्यक्रमहरुमा समावेश गर्ने ।
(ग) विभिन्न लक्षित समुहको लागि उपयुक्त हुने तथ्ङ्याक, सूचना, सिकाई तथा असल अभ्यास सहितका ज्ञानमूलक सामाग्रीहरु तयार गरी वितरण गर्ने ।
(घ) जलवायु उत्थानशीलतालाई विकास कार्यक्रमहरुमा मूलप्रवाहिकरण गर्न तीनै तहका सरकारहरुको संस्थागत क्षमता अभिबृद्धि गर्ने ।
(ङ.) जलवायु सम्बन्धि विश्वसनीय पूर्वसूचना प्रणालीको विकास गर्न सम्बन्धित राष्ट्रिय संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने ।

(च) जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकासलाई प्रवर्द्धन गर्न विश्वविद्यालय तथा अनुसन्धानमूलक संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।
(छ) जलवायु परिवर्तन सम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन सञ्चार माध्यमको क्षमता अभिबृद्धि गर्ने ।
(ज) स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु स्थानीय सरकार, गैर सरकारी संस्था एवं नागरिक समाजको सहभागितामा संचालन गर्ने ।
(झ) जलवायु परिवर्तन सम्बन्धी सूचना आदानप्रदान र क्षमता अभिबृद्धि गर्न द्विपक्षीय तथा बहुपक्षीय सहयोगको विकास तथा विस्तार गर्ने ।
(ञ) जलवायु परिर्वतन सम्बन्धी सन्धि, अभिसन्धी र महासन्धिका नियमित सभा सम्मेलनहरुमा नेपालका सवालहरुलाई सशक्त रुपमा उठान र स्थापित गर्न सम्बद्ध जनशक्तिको क्षमता विकास गर्ने ।

९.११ अध्ययन, अनुसन्धान तथा प्रसार

नीति

जलवायु परिवर्तनसँग सम्बन्धित अध्ययन, अनुसन्धान एवं प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) जलवायु परिवर्तनले विभिन्न विषयगत क्षेत्रहरुमा पारेको असरको नियमित अध्ययन अनुसन्धान गर्दै यसको नतिजालाई निर्णय प्रकृयासँग आवद्ध गर्ने ।
(ख) जलवायु परिवर्तनका कारण विभिन्न भौगोलिक र विषयगत क्षेत्रहरुमा परेको आर्थिक तथा गैरआर्थिक हानि तथा नोक्सानीको राष्ट्रिय तथ्याङ्क अद्यावधीक गर्ने ।
(ग) नदी, हिम पहिरो, सिमसार र संवेदनशील पारिस्थीतिकिय प्रणालीहरुमा पर्ने जोखिमको नियमित अनुगमन र वैज्ञानिक विश्लेषण गर्ने ।
(घ) जल, स्थल र वायु प्रदूषणबाट सिर्जित कालो कार्वन एवं अन्य हरित गृह ग्यास उत्सर्जन न्यूनिकरण गर्ने प्रविधिको विकास गर्ने ।
(ङ.) आवधिक रुपमा हरितगृह ग्यास उत्सर्जनका स्रोतहरु पहिचान गर्दै तिनीहरुबाट हुने उत्सर्जनको मापन र उत्सर्जन न्यूनिकरण कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
(च) जलवायु परिवर्तनको प्रभाव र प्रकिया पहिचान गर्न मौसम मापन केन्द्रहरुको सञ्जाल विस्तार गरी तत्कालीन तथ्याङ्कहरू(Real Time Data)को संकलन र विश्लेषण प्रणालीको विकास गर्ने ।
(छ) अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप राष्ट्रिय सञ्चार प्रतिवेदन (National Communication), राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions), अनुकूलन सञ्चार (Adaptation Communication) र अन्य प्रतिवेदनहरु तयार गर्ने ।
(ज) जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरणसँग सम्बन्धित अनुसन्धान, प्रविधि विकास र प्रसारमा लगानी वृद्धि गर्ने ।
(झ) जलवायु परिवर्तनसँग सम्बन्धित अध्ययन, अनुसन्धानलाई प्रभावकारी बनाउन द्विपक्षीय तथा बहुपक्षीय सहयोगको विकास तथा विस्तार गर्ने ।

९.१२ जलवायु वित्त व्यवस्थापन

नीति

जलवायु परिवर्तन सम्बन्धी द्विपिक्षीय, बहुपक्षीय तथा अन्तराष्ट्रिय वित्तिय श्रोतमा पहुँच बढाउने तथा राष्ट्रिय श्रोतको समेत पहिचान गरी न्यायोचित रुपमा परिचालन गर्ने ।

रणनीति र कार्यनीतिहरु

(क) रेडप्लस, हरित जलवायु कोष, अन्तर्राष्ट्रिय वातावरणीय सुविधा, अनुकूलन कोष, जलवायु लगानी कोष जस्ता संयन्त्रहरु मार्फत वित्तिय स्रोत जुटाउने ।

(ख) अन्तर्राष्ट्रिय जलवायु वित्तमा सहज र सिधा पहुँचको लागि राष्ट्रिय कार्यान्वयन निकायहरुको पहिचान गरी क्षमता अभिबृद्धि गर्ने ।

(ग) जलवायु वित्तको अधिकतम हिस्सा स्थानीय स्तरमा परिचालन हुने सुनिश्चितता गर्ने ।

(घ) सबै तहका क्षेत्रगत योजनाहरुमा जलवायु परिवर्तन वजेट विनियोजन सुनिश्चित गर्ने र बजेट कोडलाई परिमार्जन गरी संस्थागत गर्ने ।

(च) लैंङ्गिक, अल्पसङ्ख्यक, पिछडिएका वर्ग, जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र र संकटासन्न समुदाय लक्षित बजेट विनियोजन सुनिश्चित गर्ने ।

(छ) हरित संभौता (Green Bond), मिश्रीत वित्त (Blended Finance), नतिजामा आधारित वित्त (Result-based Financing), कार्वन अफसेट र संस्थागत सामाजीक उत्तरदायित्वको माध्यमबाट निजी क्षेत्रको वित्त परिचालनलाई प्रोत्साहन गर्ने ।

(ज) जलवायु परिवर्तनको क्षेत्रमा सरकारी, दातृनिकाय, विकासका साझेदार संस्था, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्र र सामाजिक संस्थाहरु मार्फत परिचालन हुने वित्तप्रवाहलाई बहुसरोकारवाला सम्मिलित संस्थागत संरचना स्थापना गरी नियमन गर्ने ।

१०. कानूनी, संस्थागत तथा संरचनात्मक खाका

(क) यो नीति कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा आवश्यक कानून, रणनीति, कार्यनीति, निर्देशिका, कार्यविधि, दिग्दर्शन र योजना तर्जुमा गरी लागू गरिनेछ ।

(ख) यो नीतिले निर्देशित गरे अनुसार विद्यमान स्थानीय अनुकूलन कार्ययोजना खाका, राष्ट्रिय अनुकूलन कार्यक्रम, रेड रणनीति, जलवायु परिवर्तन वित्तीय खाका तथा बजेट शीर्षक (Budget Code), हरित बृद्धि रणनीति (Green Growth Strategy), लैङ्गिक जलवायु परिवर्तन रणनीति (Gender and Climate Change Strategy) र जलवायु परिवर्तन सम्बन्धी अन्य दस्तावेजमा परिमार्जन गर्नुका साथै जलवायु परिवर्तन सम्बन्धी दीर्घकालिन रणनीति (Long Term Strategy) तर्जुमा गरिनेछ ।

(ग) पेरिस सम्झौता मार्ग चित्र, राष्ट्रिय निर्धारित योगदान, राष्ट्रिय अनुकूलन कार्य योजना र पारदर्शिता खाका लगायतका दस्तावेजहरु तयार गरिनेछ ।

(घ) राष्ट्रिय स्तरमा जलवायु परिवर्तनको विषयमा नीतिगत समन्वय गर्न एक परिषदको गठन गरिनेछ र कार्यगत समन्वय वन तथा वातावरण मन्त्रालयले गर्नेछ ।

(ङ.) प्रदेश स्तरमा नीतिगत र कार्यगत समन्वयको लागि जलवायु परिवर्तन समन्वय समिति गठन गरिनेछ ।

(च) संघ र प्रदेशका सम्बन्धित विषयगत मन्त्रालयहरुमा र स्थानीय तहहरुमा जलवायु परिवर्तन शाखा वा इकाइको व्यवस्था गरिनेछ ।

११. नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

संघ

(क) यो नीति अनुरुप कानून र मापदण्डहरु तयार गरी लागु गर्ने, गराउने ।

(ख) अन्तरर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुरुपका जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) जलवायु परिवर्तन सम्बन्धी द्विपिक्षीय, बहुपक्षीय तथा अन्तराष्ट्रिय वित्तिय श्रोतहरुमा पहुँच बढाउने तथा राष्ट्रिय श्रोतको समेत पहिचान गरी परिचालन गर्ने, गराउने ।

(घ) कार्वन रजिष्टी तयार गर्ने तथा कार्वन व्यापारमा समन्वय र सहजिकरण गर्ने ।

(ङ.) राष्ट्रिय तथ्यांकहरु अद्यावधिक गर्ने साथै प्रतिवेदनहरु तयार गरी सम्बन्धित अन्तराष्ट्रिय संस्थामा पेश गर्ने ।

(च) जलवायु परिवर्तनसंग सम्बन्धित अन्तराष्ट्रिय प्रक्रियामा सहभागिता र समन्वय गर्ने ।

प्रदेश

(क) यो नीति अनुरुप प्रदेशस्तरीय नीति, निर्देशिका, मापदण्ड र योजनाहरुतयार गरी लागु गर्ने, गराउने ।

NATURE KHABAR
www.naturekhabar.com

(ख) प्रदेशभित्र संचालित जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरणकार्यक्रमहरुको अनुगमन र मूल्यांकन गर्ने, गराउने ।

(ग) जलवायु परिवर्तनसंग सम्बन्धित कार्यक्रम तथा परियोजना तर्जुमा र कार्यान्वयन गर्न संघ तथा स्थानीय तहसंग समन्वय गर्ने ।

स्थानीय तह

(क) यो नीति अनुरुप जलवायु परिवर्तन व्यवस्थापनको निम्ति स्थानीय योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ख) संघिय तथा प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायहरु, गैर सरकारी संस्था, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्था लगायतका सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरणका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(ग) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम र परियोजनाहरुको अनुगमन, मूल्यांकन र अभिलेखिकरण गर्ने ।

(घ) जलवायु परिवर्तन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने ।

१२. अनुगमन, मूल्याङ्कन र पूनरावलोकन

(क) सबै साझेदार सरोकारवालाहरुको उत्तरदायित्व सुनिश्चित गर्न, सार्वजनिक जागरुकता र सहभागिता बढाउन र सूचनामा पहुँच स्थापित गर्नपारदर्शिता तथा उत्तरदायित्व ढाँचा तयार गरिनेछ ।

(ख) अनुकूलन र न्यूनीकरणमा भएका लगानी एवं सहयोगको आवश्यक तथ्याङ्क सङ्कलन, त्यसको समयानुकूल सूचना प्रवाह र प्रतिवेदनहरूलाई व्यवस्थित गरिनेछ ।

(ग) नीतिको कार्यान्वयन सम्बन्धमातीनै तहहरुमातत् तत् सरकारको नेतृत्वमा सरोकारवाला संघसंस्थाहरु सम्मिलित संयन्त्रहरुको गठन गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

(घ) अनुगमन तथा मूल्यांकन प्रतिवेदनहरु स्थानीय तहबाट प्रदेश सरकारका सम्बन्धित मन्त्रालय हुंदै वन तथा वातावरण मन्त्रालयमा आउने र उक्त मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने गरी व्यवस्था मिलाइनेछ ।

(ड.) यो नीतिको पूनरावलोकन प्रत्येक पाँच वर्षमा गरिनेछ ।

१३. खारेजी र बचाउ

- जलवायु परिवर्तन नीति, २०६७ खारेज गरिएको छ ।

NATURE KHABAR
www.naturekhabar.com